# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २८ वैशाख २०८२

# आइतबार

# बैठक सङ्ख्या- ७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:२१ बजे प्रारम्भ भयो।

(१३:२२ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु।सर्वप्रथम माननीय सदस्य कमला पन्त।

(१३:२२ बजे) माननीय श्री कमला पन्त (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्ष महोदय, किसानले खेती लगाउने बेला छ। किसानहरुलाई मल र बिउको जरुरी परेको छ। तर बजारमा मलको अभाव छ भन्ने सुन्नमा आएको छ।यो सरकारले स्पष्ट गर्देला। सरकार मल छ भन्छ। मल छ मल हामीलाई पुग्ने मल छ भनेर सरकारले भन्ने किसानले मल नपाउने यो कहाँ तालमेल भएन अध्यक्ष महोदय। किसानले मल कसरी पाउनसक्छन र वितरणमा यदि समस्या हो मल छ तर वितरणमा समस्या हो भने कहाँनिर समस्या पर्यो त्यो तुरुन्त सरकारले बसेर यसको समाधान गर्नुपर्यो र तुरुन्त बिउ मलको यो खेती लगाउने बेला हो हामी उत्पादन बढाउने

कुरा गर्छौं। उत्पादन जे ले बढ्न सक्छ त्यसका बारेमा चाहिँ तुरुन्त छलफल गर्नुपर्यो। र किसानलाई मल बिउ उपलब्ध हुनुपर्‍यो। धन्यवाद।

(१३:२३ बजे) **सम्माननीय अध्यक्षः**-माननीय सदस्य कृष्ण प्रसाद पौडेल।

(१३:२३ बजे) **माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काङ्ग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, सहरी क्षेत्रमा बढ्दै गएको बसाँई सराँई र जन्मदरमा आएको कमीले ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या प्रत्येक दिन घट्दो क्रममा रहेको निम्न तथ्य र तथ्याङ्कले पुष्टि गर्छ। सबैभन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयको सङ्ख्या १५ हजार ९ सय पैसट्ठी, १०० देखि ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालयको संख्या ९ हजार ७ सय चार, ५०१ देखि हजारसम्म भएका विद्यार्थीको विद्यालयको संख्या सोह्र सय छतीस, हजार एक देखि १५सयसम्म विद्यार्थी भएका विद्यालयको संख्या संख्या चार उन्पचास, १५ सय एक देखि २ हजार सम्म विद्यार्थी भएका विद्यालयको संख्या १३६, दुई हजार भन्दा बढी विद्यार्थी भएका विद्यालयको संख्या हजार माथि उल्लेखित तथ्य र तथ्याङ्कको आधारमा त्यसको भौगोलिक स्थिति शिक्षक विद्यार्थीको अनुपातलाई मध्यनजर राख्दै हिमाली उच्च पहाडी र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयलाई गाभ्ने र स्थानीय तहको समन्वय र सहयोगमा आवश्यक विद्यालय स्थापना गर्दै, सामुदायिक आवश्यक विद्यालय स्थापना गर्दै न्यूनतम खर्चमा स्तरीय शिक्षा प्रदान गरी सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास र भरोसा (.... समय सकिएको।)

(१३:२४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य गोमा देवी तिमिल्सिना।

(१३:२४ बजे) **माननीय श्री गोमा देवी तिमिल्सीना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, मैले २०००, यो अस्ति चैत्र १५ गते जुन उच्छृङखल तत्त्वहरुले जुन विदण्डता मच्चाए त्यही अनुरुप उद्योग यो जडीबुटी कारखानाको केन्द्रबिन्दु नै भनम त्यो कारखानामा आगलागी भयो र र त्यो आगो लागेको बारेमा अहिलेसम्म कतैबाट चर्चा भएको छैन। बल्ल त्यो कारखानाले अलिकति लयमा आउन खोजेको स्थिति थियो। अहिले त्यसलाई आगलागि हुँदाखेरि एउटा जनताले पाउने सुविधाबाट वञ्चित भएका छन्। सरकारले यो

उद्योग सञ्चालन गर्न र यसलाई लयमा लैजान के सोच बनाएको छ? यो अध्यक्षज्यू मार्फत आवश्यक (.... समय सकिएको।)

(१३:२५ बजे) **सम्माननीय अध्यक्षः**-माननीय सदस्य दुर्गा गुरुङ।

(१३:२५ बजे) **माननीय श्री दुर्गा गुरुङ्ग (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, दशौं राष्ट्रिय खेलकुद कर्णाली प्रदेशमा सम्पन्न गर्नको लागि २०८१ साल मंसिर चैत महिना २०८२ साल जेठ महिना गरी तीनपटकसम्म मिति तोकिएको भए तापनि खेलकुद स्थगित भएको छ। जसबाट खेलाडी, खेलकुद क्षेत्रका शुभचिन्तक र सम्पूर्ण कर्णालीवासीलाई निराश बनाएको छ। उक्त दशौं राष्ट्रिय खेलकुद यही २०८२ साल मंसिरदेखि चैत महिना सम्पन्न गर्ने गरी तयारी गरियोस् भनी नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्को अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। सम्माननीय अध्यक्षज्यू, सहकारीमा आफ्नो बचत अड्केकाहरू धेरै गाह्रो अप्ठ्यारो गरी बाँचिरहेका छन्। सम्माननीय अध्यक्षज्यू, सरकारले पीडितहरूको (.... समय सकिएको।)

(१३:२६ बजे) **सम्माननीय अध्यक्षः**-माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:२७ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, कुनै पनि प्रकारको आतंकवाद हाम्रो शत्रु हो। भारत र पाकिस्तानबीच चर्किन खोजेको युद्ध मथर भएको छ। दुवै देशले युद्ध बिराम गर्ने तिर अगाडि बढ्ने संकेत दिएका छन्। तैपनि राति दुवै देशले छिटपुट घटना भएको दाबी गरेका छन्। नेपाल शान्तिप्रिय देश हो। हामी दुवै देशबीच हुने युद्ध बिरामको स्वागत र प्रशंसा गर्दछौ। बर्षातको मौसम सुरु हुने दिनहरु नजिकै आउदै छन्। यस वर्ष औसत भन्दा ज्यादा वर्षा हुन सक्ने अनुमान गरिएको छ। भारतले निर्माण गरेको गिरिजापुरी बाँधको कारण कैलाली जिल्लाको पूर्वी क्षेत्रमा पनि नदीहरुको सतह उकालो लागेको कारण जिल्लाका टीकापुर पालिकाहरु सधै डुबानमा पर्ने नदी कटानमा तीव्रता आउने र बाली नाली नष्ट हुने हुँदा वर्षा ज्यादा भएको बेला भारत सरकारलाई बाँधका ढोकाहरु खोलेर सहयोग गरिदिन अनुरोध गर्नको साथै डुंगाहरुको यथोचित व्यवस्था मिलाउन सरकारलाई अनुरोध गर्दछु। सरकारले समयमै ध्यान पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु। धन्यवाद।

(१३:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:२८ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, जलवायु परिवर्तनका कारण यस वर्ष पनि सरदरभन्दा बढी तापक्रम बढी वर्षात र मेघ गर्जन सहितको चट्याङ आदिले ठूलठूला जोखिम विपद आउन सक्ने, धनजनको अकल्पनीय क्षति हुन सक्ने मौसमविदहरूको विश्लेषण छ। समयमा नै उच्च सतर्कता र समयमा नै तयारी गर्न सरकालाई सचेत गराउछु। धन्यवाद।

(१३:२९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य युवराज शर्मा।

(१३:२९ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, बढ्दो बेरुजु रकमले एकसथा अनियमित, अपारदर्शिता र जवाफदेहिताको अभावलाई प्रदर्शित गर्दछ। यो राष्ट्रकै लागि लज्जाको विषय हो। अहिले फछ्र्यौट गर्नुपर्ने रकम छ खर्ब ७९ अरब देखिएको छ। जुनमध्ये ३० अरब मात्र फछ्र्यौट भएको देखिन्छ भने नयाँ बेरुजु रकम ६५ अरब बढ्दैछ। यो सुरसाको मुख जस्तो बढ्दै गएको बेरुजी रकममध्ये असुल उपर गर्ने रकम समेत असुल उपर गर्न लापरवाही किन? सम्माननीय अध्यक्षज्यू मार्फत सरकारसँग र सम्बन्धित निकाय सबैको ध्यान यसतर्फ आकर्षित गराउन चाहन्छु। त्यस्तै भारत पाकिस्तान युद्धविरामको स्वागत गर्दै सार्क संगठन फेरि सक्रिय गराउन नेपालले सक्रिय भूमिका खेल्न सफल होस भन्ने अपेक्षा राख्दछु। धन्यवाद।

(१३:३० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:३० बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, यो वर्षायाम मैले पटकपटक उठाएकै विषय हो। नारायणघाट बुटवल खण्डको चाहिँ नवलपरासीको विनय त्रिवेणी खोलामा पुलसहित पुलमा मालबाहक ट्रक सहित पुल चाहिँ भासिँदाखेरि, त्यो पुल भासिएपछि आवतजावत बन्द भएर डाइभर्सन गरिएको थियो। त्यसबाट अब पानी पर्ने बित्तिकै त्यो खोलाबाट आवतजावत बन्द हुनेछ दाउन्नेमा अहिले नाइट गाडीहरु चल्न दिइएको छैन। दिनमा मात्रै दाउनेतिर गाडी चलेका छन्। विनय त्रिवेणीको पुल हामीले यदि बनाउन सकेनौं भने ठूलो संख्यामा आवतजावत गर्ने

मान्छेहरूको बिजोग हुने अवस्था छ। यसलाई सरकारको म ध्यानाकर्षण गराउन चाहन्छु। आवतजावत बन्द हुने वातावरणबाट रोकियोस् भन्ने कुरा हवाई पनि सुरक्षित छैन। (.... समय सकिएको।)

(१३:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१३:३१ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u> :- सम्माननीय अध्यक्ष महोदय, तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका पारिपट्टि, वारीपट्टि मुग्लिङ र नारायणगढकाबीचमा त्रिशुली नदीमाथि घुमाउने घाटमा मोटरेबल पक्की पुल बनाउनको लागि २०७१ सालमा एउटा निर्माण कम्पनी र सडक डिभिजन कार्यालयको बीचमा सम्भौता भएको थियो। तर १२ वर्ष बित्दा पनि त्यसको प्रगति जम्मा ३०% मात्रै छ। यसरी हेर्ने हो भने त्यो पुल बनाउन ३३ वर्ष लाग्ने देखिन्छ र ठेक्का रद्द गर्नका लागि पनि धेरै कानुनी जटिलताहरू छन् भनेर सरोकारवालाहरु हच्किरहेका छन्। त्यसैले कि त (.... समय सकिएको।)

(१३:३२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- सोनाम गेल्जेन शेर्पा।

(१३:३२ बजे) <u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u> :- सम्माननीय अध्यक्षज्यू गतवर्ष सोलुखुम्बुको थामे क्षेत्रमा भएको हिमताल विस्फोटबाट एकिन विवरण पनि राम्रोसँग आएको छैन। र त्यस सम्बन्धमा नेपाल सरकारले पनि सम्बोधन गरेको छैन। र त्यस क्षेत्रलाई पूनर्स्थापना गर्नको लागि नेपाल सरकारले २०८२/८३ को बजेटमा चाहिँ सम्बोधन गरोस् भन्ने म जोडदार माग गर्दछु। धन्यवाद।

(१३:३२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु सम्माननीयहरू राष्ट्रपतिबाट संवत २०८२ साल वैशाख १९ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलको क्रम जारी रहन्छ। माननीय सदस्यहरू दलीय आधारमा छलफलमा भाग लिन प्राप्त भएको नाम अनुसार बाँकी माननीय सदस्यलाई क्रमशः समय उपलब्ध गराउँछु।

सर्वप्रथम माननीय सदस्य कृष्ण प्रसाद सिटौला समय १५ मिनेट। यसपछि माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१३:३३ बजे) माननीय श्री कृष्ण प्रसाद सिटौला (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्ष महोदय म सरकारले ल्याएको नीति कार्यक्रमको समर्थनका लागि यहाँ उभिएको छु। म सर्वप्रथम यो नीति कार्यक्रमको समर्थन गर्न चाहन्छु। यो नीति कार्यक्रमले निकै महत्त्वपूर्ण विषयहरु ल्याएका छन्। मूल कुरा के हो भने नीति कार्यक्रम अन्तर्गत आउने सिद्धान्त कार्यक्रम त्यसको पक्ष कस्तो रहन्छ आगामी बजेट कस्तो रहन्छ त्यसतर्फ हामी सबैको ध्यान जानु आवश्यक छ। त्यसमा सरकारलाई हामी यो सत्तामा बस्नेले मात्र होइन प्रतिपक्षले पनि सुझाव दिनु उपयुक्त हुन्छ जस्तो मलाई लाग्छ। सर्वप्रथम मलाई सबैभन्दा राम्रो उसको पक्ष के लागेको छ भने संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा एउटा प्रतिबद्धता यो नीति कार्यक्रमले देखाएको छ। लामो सङ्घर्षबाट प्राप्त परिवर्तनलाई संस्थागत गर्ने र यो परिवर्तनको विपक्षमा यसको विरुद्धमा उठ्ने सबै प्रकृतिका विचार र कार्यक्रमहरूलाई निस्तेज गर्ने एउटा प्रतिबद्धता यो कार्यक्रममा छ। त्यसैले यो नीति कार्यक्रमको विरोध गर्नु मात्र सान्दर्भिक छैन। मेरो प्रतीपक्षतर्फ पनि अलिकति दृष्टि पुगेको छ यस विषयमा। साथै मलाई अर्को के लागेको छ भने सबैभन्दा राम्रो पक्ष संविधान जारी भएको ७२ सालमा ७४ मा यो कार्यान्वयन भयो निर्वाचन भयो। अहिले आइपुग्दा सम्मको यो अवस्थामा आठ वर्षको अवस्थाको समग्रमा समीक्षा गर्ने एउटा विचार आएको छ नीति कार्यक्रममा। यो राज्य सञ्चालनको समग्रमा यसको समीक्षा गर्ने, राज्य भन्नाले मैले भन्ने गरेको छु विस्तृत अर्थमा हामीले यसलाई लिनुपर्छ संसद हो सरकार हो, न्यायपालिका हो, संवैधानिक निकायहरु हुन् प्रशासन प्रहरी समग्रमा नै हो। यो नयाँ संविधान बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्थाको संविधान बमोजिम तिनै तहको सरकारले संघीय सरकारले, प्रदेश सरकारले, स्थानीय तहले, न्यायपालिकाले, संवैधानिक निकायहरुले स्वयं हामी आफैंले नीति निर्माण गर्दा हामीले कति जिम्मेवारपूर्वक गर्न सकेका छौं त्यसको एकपटक समीक्षा गर्नुपर्छ। हामीले गरेका निर्णयहरूबाट हामीले ल्याएका कानुनहरुबाट त्यसको कार्यान्वयनबाट जनतालाई संविधान बमोजिम कति उपलब्धि सकेको छ त्यसको समीक्षा हुनुपर्छ। यो विचार हामीलाई उठाउँदै आएका हौं र समीक्षा गर्ने र त्यसपछि आवश्यकता बमोजिम संशोधन गर्ने जुन कमिटमेन्ट आएको छ यो नीति कार्यक्रममा यसलाई एकदमै हामीले स्वागत गर्नुपर्छ। र यसमा सबै एक ठाउँमा उभिनु पनि पर्छ। राष्ट्रिय सभामा रहेका सबै नै सांसदज्यूहरुको यसतर्फ ध्यान आकृष्ट गर्न चाहन्छु अध्यक्ष महोदय मार्फत हामी यो विषयमा एक

ठाउँ उभिनु आजको अपरिहार्य आवश्यकता हो भन्ने मलाई लागेको छ। र यसैसँग जोडिएका दुईवटा कानुनहरू, केही कानुनहरू यसै बजेट अधिवेशनबाटै हामी टुङ्गगोमा पुऱ्याउँछौं भने कमिटमेन्ट आएको छ। शिक्षा ऐन सम्बन्धमा आएको छ। निजामती प्रहरी ऐन सम्बन्धमा आएको छ। एकदमै स्वागतयोग्य कुरा छ। शिक्षा ऐन ढिलो आएकै कारणले शिक्षा हामीले बनाउन नसकेकै कारणले अहिलेसम्म शिक्षकहरु आन्दोलनमा यसपटक उत्रिए। त्यसलाई सरकारले पोजिटिभली लेखेको छ दिएका सुझावहरुलाई ग्रहण गरेको छ र त्यसैको आधारमा यसै संसदबाट यसैपटकको सदनबाट यसलाई पारित गर्ने जुन कमिटेड पाएको हो यसलाई हामी सबैले स्वागत गर्न सक्नुपर्दछ। साथी संघीयताको कार्यान्वयनमा निजामती सेवा र प्रहरी प्रशासनमा केही पनि कुरा आएन भन्ने गुनासो सातैवटा प्रदेशमा सुनिन्छ। यो यथार्थ कुरा हो। जबसम्म संघले यो विषयमा कानुन निर्माण गर्दैन तबसम्म प्रदेशले तत् सम्बन्धी कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने क्षमता राख्दैन।त्यो यथार्थ कुरा पनि हो। झट्ट हेर्दा कस्तो देखिन्छ भने सबै राजनीतिक दलका कार्यकर्ताहरु अहिले पनि बढी केन्द्रमुखी नै छन्। एकात्मक शासन प्रणालीको रुचि अझै पनि मरेको छैन। अझै पनि सकिएको छैन। अहिले यो बजेट निर्माण हुँदै गर्दाको अवस्थामा आफ्नै स्थानीय तहबाट स्थानीय सरकारबाट आएका साथीहरु, प्रदेशबाट आएका साथीहरु, स्वयं संगठनबाट आएका साथीहरु, सर्वदलीयबाट आएका साथीहरू ।

यहाँ रहेका सबै दलका प्रतिनिधि भएर आएका साथीहरुका कुरा सुन्दा खेरि चाहिँ सानो सानो बजेट पनि केन्द्रमा अपेक्षा गरेको पाइन्छ। त्यस प्रकृतिको कार्यक्रम लिएर हामीले जाने हो भने संघीयताको यथार्थतामा कार्यान्वयन हुन सक्दैन। त्यसैले संघले आगामी बजेट बनाउँदा खेरि जुन त्यो नीति कार्यक्रम Commitment आएको छ व्यवस्थाप्रति। त्यसलाई एकदमै कार्यान्वयन गर्ने दृष्टिकोंणले आओस् भन्ने मेरो विशेष सरकारलाई सुझाव पनि छ।साथै शान्ति प्रक्रियाका बाँकी काम टुग्याउने भन्ने एउटा संकल्प जस्तै गरेर नीति कार्यक्रम आएको छ। धेरै वर्ष भइसक्यो मैले बारम्बार भन्ने गरेको छु। शान्ति प्रक्रियामा प्रारम्भिक दिनहरुमा म Involve भएकै कारणले यसमा बढी रुचि रहन्छ।धेरै ठाँउमा भेटघाट हुन्छ द्वन्द्व पीडितहरुसँग। द्वन्द्व पीडितहरुलाई न्याय दिनु हामी सबैको साझा कर्तव्य हो। साझा Duty हो।त्यसैले यो विषयमा सत्ता र प्रतिपक्ष दुवैले मिलेर यथासम्भव छिटो आयोगहरु गठन गरेर आयोगले पनि त्यही ढंगले द्रुत गतिले काम गरेर यो विषयलाई सार्थक ढंगले निश्कर्षमा पुऱ्याउन सक्नुपर्छ भन्ने मलाई लागेको छ। यसमा commitment आएको छ। यसलाई हामीले राम्ररी स्वागत गर्न सक्नुपर्छ सबैले नै भन्ने मेरो छ। साथै कतिपय विकास निर्माणका आयोजनाहरु अधुरा रहेका छन्।कति अलपत्र परेका छन्। यी सबै आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने जुन Commitment आयो त्यसको लागि चाहिँ हामीले स्वागत गर्नसक्नुपर्दछ र यसमा हाम्रो ध्यान जान सक्नुपर्दछ। साथै

मेरो यसमा एउटा विचार के राख्न चाहन्छु अहिले भने सरकारलाई मेरो विशेष सुझाव पनि छ यसैमा आधारित भएर नीति कार्यक्रममा आधारित भएर हामी सांसदहरु यो संसद प्रतिनिधिसभा राष्ट्रिय सभा नीति निर्माण गर्ने थल हो। हामीले बोलेका कुराहरुले देशलाई नै प्रभावित गर्छ हामीले बनाएको कानुनले देशलाई नै प्रभावित गर्छ। हामीले पारित गर्ने प्रस्तावहरुले देशलाई नै प्रभावित गर्छ। Positively नै प्रभावित गर्छ। Positive नै प्रभावित परोस् भन्ने हामी चाहन्छौं। कुनै पनि हामी Negative छैनौं यहाँ सबै पार्टीका मानिसहरु। यो व्यवस्थाका पक्षधर जति। यो पक्षमा नउभिने विरुद्धमा उभिनेको अलग कुरा हो। त्यस बारेमा म कुनै टिप्पणी गर्न चाहन्नँ। तर त्यतिले मात्र पुग्दो रहेनछ। सांसदहरुलाई विकासमा जोड्न सक्नुपर्दोरहेछ। जति पनि सांसद चाहे प्रतिनिधिसभाका हुन् चाहे राष्ट्रिय सभाका सांसद हुन् सबै आफ्नो जिल्लामा आफ्नो प्रदेशमा आफ्नो क्षेत्रमा जाँदा खेरि विकास निर्माणका सम्बन्धमा जनताको एउटा चाहना छ। हामीहरुमार्फत प्रतिनिधिहरुमार्फत सांसदहरुमार्फत विकास निर्माणका केही आयोजनाहरु आउन्। जहाँ संघीय सरकारको बजेटको आँखा पुगेन। जहाँ प्रदेश सरकारको आँखा पुगेन। जहाँ स्थानीय सरकारको आँखा पुगेन त्यहाँ हामी प्रतिनिधिहरुको आँखा पुगोस् र त्यहाँ बजेट आओस् भन्ने कुरा स्थानीय जनताको चाहना छ। जति हामी विकास निर्माणमा जोडिन सक्छौं। जति हामी सरकारले संसदलाई विकास निर्माणमा जोड्न सक्छ त्यति नै मलाई लाग्छ व्यवस्थाको पक्षमा पनि परिवर्तनको पक्षमा पनि यो संविधानको पक्षमा पनि जनमत निर्माण हुने हो। जनताको मनोबल गिर्‍यो जनता निराश भए मात्रै भनेर पुग्दैन। जनताको मनोवल उठाउनको लागि जनतासँग हामी जति बढी जोडिन सक्दछौं जति बढी सम्पर्क र संवादमा पुग्न सक्दछौं जति बढी उहाँहरुलाई उठाउन सक्दछौं उहाँहरुको भावनालाई बोक्न सक्दछौं। त्यति नै जनताको Support समर्थनको व्यवस्थाको पक्षमा आउने हो भन्ने कुरा मलाई लाग्दछ। त्यसैले यो विषयमा पनि आगामी बजेटले कुनै न कुनै योजना ल्याउन सक्नुपर्छ भन्ने मलाई लागेको छ। हामी सबैको यसमा पनि सरकारलाई सहयोग दिन पर्छ भन्ने मलाई लागेको छ। साथै सरकारले यो उत्पादन र उत्पादकत्व वृद्धिमा विशेष ध्यान दिने कुरा ल्याएको छ नीति कार्यक्रममा। मेरो सरकारलाई सुझाव छ- खासगरीकन कृषि क्षेत्रमा सरकारको सबभन्दा। किसानको उत्पादन कुनै बेलामा फलिसकेपछि बजारमा ल्याउने बेलामा बजार पाउँछ कि पाउँदैन। पायो भनेपनि नाफामूलक ढंगले बिक्री गर्न सक्छ कि सक्दैन। सकेन भनेदेखि उसले राख्ने Cold Store छ कि छैन। यी सबै कुरामा एउटा Guideline सहित सरकारले कृषि उत्पादकत्व Productivity र Production वृद्धि हुने खालको विशेष आर्थिक कार्यक्रम सरकारले ल्याउन सक्नुपर्दछ। त्यस विषयमा पनि हामीले सरकारलाई बजेट निर्माण गर्ने सन्दर्भमा हामीले सुझाव दिन सक्यौं भनेदेखि हामीले चाहेजस्तो कृषि क्षेत्रमा जग्गा जमिन बाँझो नरहन सक्छ। यस विषयमा हामी सबैले विशेष योजनाहरु राम्रो

दिन सक्दछौं। भन्न सक्दछौं। नयाँ Planning गर्न सक्दछौं। यही विषयमा मलाई के लाग्छ भने योजना र नीति निर्माण हुँदा खेरि कतिपय कुरा परम्परागत आयो न्यायोचित केही आएन। परम्परागतै आउँछ। हामी ८ वर्षदेखि हामी सबै परिवर्तनकारी शक्तिहरु सरकारमा छौं। हामीले नै बजेट ल्याएका छौं। हामीले नै नीति कार्यक्रम ल्याएका छौं। कहिले प्रचण्डजी प्रधानमन्त्री कहिले शेर बहादुरजी प्रधानमन्त्री कहिले ओलीजी प्रधानमन्त्री हाम्रै नीति कार्यक्रमम आइराखेका छन् त्यसैले परम्परागत आए होलान्। त्यो स्वभाविक कुरालाई Accept गर्न सक्नुपर्छ। विगतको बजेटको परम्परा आयो भने राम्रो ।प्रतिपक्षले स्वागत गरे नि हुन्छ जस्तो लाग्छ मलाई यस विषयमा त के भो त आखिरी वर्षमानजीको बजेट थियो त्यसको निरन्तनरता आए पनि राम्रै कुरा भयो।कुनै अन्यथा छैन। तर मेरो यसमा Positively हामी आलोचना पनि गरौं। साथसाथै सरकारलाई सही बाटोमा हिँड्नको सही बाटोमा हिँडाउनको लागि मद्दत पनि गर्नुपर्छ भन्ने मेरो आफ्नो धारणा पनि म यहाँ राख्न चाहन्छु। साथै युवाहरुको उद्यमशीलतालाई वृद्धि गर्ने उद्यमलाई वृद्धि गर्ने एउटा नीति यसमा आएको छ। त्यो नीतिअन्तर्गत सरकारले ल्याउने आगामी कार्यक्रमहरुमा आगामी बजेटका कार्यक्रमहरुमा ठोस कुनै चीज आओस्। कुनै नयाँ चीज ल्याउन सकोस् सरकारले। ताकि त्यसलाई लिएर हाम्रा युवाहरु आफ्नै देशभित्र रहने उद्यमशीलता उनीहरुको विकास हुने वृद्धि हुने उद्यम बढ्ने उद्योगहरु बढ्ने उनीहरुको सीप कला कौशलताको वृद्धि हुनेतर्फ हामी सबैको ध्यान पुग्न सक्यो भने मात्रै मलाई लाग्छ- यो नीति कार्यक्रमले देशलाई अगाडि बढाउने सन्दर्भमा एउटा मौलिक ढंगले काम गर्न सक्छ भन्ने मलाई लागेको छ। विगतको परम्परालाई अलिकति Moderate गरेर अलिकति बदलेर आगामी बजेटमा चाहिँ अगाडि जानुपर्छ कार्यक्रमहरु भन्ने मलाई लागेको छ। साथै हामीले नयाँ संविधान निर्माण गर्दाखेरि जनताको जीवनसँग गाँसिएका जनताको दैनिकी जीवनसँग गाँसिएका जनताको आर्थिक सामाजिक सांस्कृतिक जीवनसँग गाँसिएका विषयलाई हामीले मौलिक रुपमा राखेका छौं। संसारका विरलै देशहरुमा Democratic Country का विरलै देशहरुमा यो सामाजिक सुरक्षाका हकहरुलाई मौलिक हकको रुपमा राखिएको छ। तर हामीले संविधानमै मौलिक हकमा राख्यौं। किन राख्यौं भने जुनै सरकार आएपनि जुनै पार्टीको नेतृत्वको सरकार आए पनि यो कार्यान्वयन होस् जनताको मौलिक हकहरु कार्यान्वयन प्रचलनमा आउन् भनेर हामीले राखेका हौं- गाँस बास कपास जनताको भाषामा भन्दा यस्ता विषयहरु यसमा राखिएका छन्। पिउने पानीको हकको कुरा राखिएको छ। शिक्षाको हकको कुरा राखिएको छ। स्वास्थ्य उपचारको निशुल्क हकको प्रबन्ध हामीले राखेका छौं। हामीले संविधानको मौलिक हकमा राखेका कुरालाई कानुनले परिभाषित गरेर हामी प्रचलनमा ल्याउँछौं भन्ने हाम्रो संवैधानिक Commitment हो।त्यसलाई पुरा गर्नका लागि हामी सबैले मिलेर एक ठाउँ उभिनुपर्छ भन्ने आजको आवश्यकता हो भन्ने मलाई लागेको छ।

किनभने हामीले जतिसुकै सत्ता र प्रतिपक्षमा गरेर समर्थन आलोचना गरे पनि एउटा यथार्थ कुरा के हो भनेदेखि मलाई लाग्ने देशको अर्थतन्त्र कमजोर छ। कमजोर अर्थतन्त्रको बिचबाट हामी कति काम गर्न सक्छौं। स्वयम् अर्थतन्त्रलाई अर्थ नीतिलाई सुदृढ गर्नको लागि अर्थ नीति कस्तो नयाँ चाहिन्छ? दुनियाँ कसरी अगाडि बढिराखेको छ? बदलिएको संसारको परिस्थितिबाट नेपालमा के प्रभाव परिराखेको छ? अमेरिकाको अहिलेको सरकारले लिएको नीतिबाट नेपाललाई के प्रभाव परिराखेको छ? इजरायल हमास युद्धले के प्रभाव परिराखेको छ? युक्रेन रुस युद्धले के प्रभाव परिराखेको छ? भर्खरै छिमेकी देशमा भएको घटनाले द्वन्द्वले हामीलाई के प्रभाव पारिरेको छ? सबै चिजको मूल्याङ्कन गरेर हाम्रो देशमा पर्ने अर्थतन्त्रमा पर्ने प्रभावलाई पनि हामीले विचार गरेर सही ढंगले एक ठाउँ गएर नयाँ रचना गर्न सक्नुपर्छ आगामी बजेटबाट भन्ने मलाई लागेको छ। त्यस दिशामा अगाडि जाने खालको Commitment Global मा संसारमा आएको परिवर्तनबाट पर्ने प्रभावलाई समेत मूल्यांकन गरेर यस सरकार अगाडि जान्छ भनेर यसमा Commitment पाइन्छ Foreign Policy हेर्दा खेरि मलाई त्यस्तै लागेको छ। त्यसकारणले यो कुरालाई स्वागत गर्दै आगामी दिनमा सरकारले नयाँ ढंगले काम गर्न सकोस् भन्ने मेरो विशेष आग्रह छ। मैले अस्ति बोल्दा खेरि अध्यक्षज्यु यो समय निर्धारण थिएन एकपटक मैले १५ मिनेटभित्रै सकिन्छ जस्तो लागेको थियो धेरै बोलेछु त्यतातिर हेरिरहन्छु। त्यसैले आज समय नसकिँदै मेरा कुरा टुङ्ग्याउन चाहन्छु हामी सबै एक ठाउँमा उभिएर राष्ट्रियसभाका हामी सबै माननीय सदस्यहरु सबै दल एक ठाउँमा उभिएर व्यवस्थाको पक्षमा यो व्यवस्थालाई सुदृढ गर्ने पक्षमा जनताको पक्षमा उभिन सक्यौं भनेदेखि नेपालले सही बाटो पक्रन सक्छ। जनताको सही ढंगले विकासको बाटोमा अगाडी बढ्न सक्छौं भन्ने विचार राख्दै मेरा कुरा यहीं टुङ्ग्याउन चाहन्छु। धन्यवाद जय नेपाल।

(१३:४६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गोपी बहादुर सार्की आछामी। समय ७ मिनेट। यसपछि माननीय सदस्य मदन कुमारी शाह (गरिमा)।

(१३:४६ बजे) <u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय नेपाल सरकारको तर्फबाट यो नीति तथा कार्यक्रम २०८२ र २०८३ राष्ट्रपतिको तर्फबाट चाहिँ प्रस्तुत नीति कार्यक्रममाथि सैद्धान्तिक छलफल अगाडि बढिराखेको छ र यो हामी अन्तिम चरणतिर आइराखेका छौं। हामी हाम्रो पार्टीको तर्फबाट हामी १३ जना माननीयहरूले चाहिँ व्यक्तिगत हिसाबले संशोधन पनि राखेका छौं र मैले पनि १३ वटा केरे ११

वटा बुँदामा मैले मेरो आफ्नोतर्फबाट चाहिँ संशोधन सुझावको रूपमा यहाँ प्रस्तुत गरेको छु र राखेको छु। मलाई लाग्छ हामी देशको परिस्थिति अलिकति राष्ट्रिय हिसाबले पनि अन्तर्राष्ट्रिय हिसाबले पनि क्रमशः जटिलतातिर अघि माननीयजीले भन्या जस्तै युद्धको कारणले गर्दा कोभिडको कारणले गर्दा र नयाँ परिस्थितिहरू जसरी जन्मिँदै गइराखेका छन्। यी सबै कारणले गर्दाखेरि देशको परिस्थिति त्यस्तो सहज छैन। अझ अर्थतन्त्रको स्थिति हेर्ने हो भने हामी असाध्यै एउटा संकटको दिशातर्फ अगाडि बढी राखेका छौ र हामीसँग पर्याप्त नियमित खर्च धान्ने खालको चाहिँ बजेट पनि जुटाउन सकिराख्या छैनौं। राजस्व लक्ष्य अनुसार उठ्न सकिराखेको छैन। पूँजीगत खर्च हामी बढाउन सकिराखेका छैनौं। हामीले सबै राजनीतिक आन्दोलनको एउटा उपलब्धिको रूपमा जुन परिवर्तन हासिल गरेका छौं र जनताको अपेक्षा पनि त्यही भोलुमको छ। जनताको एउटा ठूलो भोलुमको अपेक्षा राज्यको स्थिति र राजनीतिक पार्टीहरूप्रति जनताले हेर्ने बनाएको जुन एउटा दृष्टिकोण छ। एक हिसाबले हेर्ने हो भनेदेखि Leadership प्रति अविश्वासको चाहिँ तह असाध्यै बढ्दै गइराखेको छ। आक्रोश त्यही हिसाबले चाहिँ चुलिँदै गइराखेको छ र यही परिस्थिति क्रमश बढ्दै जाने हो भने मलाई लाग्छ देश दुर्घटनाको चाहिँ हामी नजिक नजिक छौं र देशमा एउटा जटिल परिस्तथिति आउँछ भन्ने कुरा अनुमान गर्न सकिन्छ भन्ने मलाई लाग्दछ र यसका बारेमा हामी सबै राजनीतिक पार्टीले चाहिँ सचेततापूर्वक र गम्भीरतापूर्वक छलफल बहस गर्नुपर्ने एउटा समझदारी कायम गर्नुपर्ने एउटा ढंगको चाहिँ निचोड तथा निष्कर्षमा पुग्नुपर्ने ठाउँमा हामी छौं। तर सरकारले ल्याएको नीति कार्यक्रमको बारेमा टिकाटिप्पणी गर्ने क्रममा चाहिँ सत्ता पक्षका माननीयज्युहरुले हुबहु सही छ भनेर भनिराख्नुभएको छ वस्तुवादी छ भनिराख्नुभएको छ। र समय सापेक्ष र देशको परिस्थितिलाई मध्यनजर गरेर आएको छ भनिराख्नुभएको छ र हामी प्रतिपक्षीहरुले यो कर्मकाण्डीय भनिराखेका छौं। मलाई के लाग्छ भने विगतका सरकारले गरेका कतिपय राम्रा अभ्यासहरू जसरी सुरुवात गरेको थियो। बजेट तथा नीति कार्यक्रम बन्नुभन्दा अगाडि सदनमा छलफल गर्ने सबै माननीयहरूको चाहिँ धारणा बुझ्ने र त्यसलाई चाहिँ अलिकति संश्लेषित र सैद्धान्तिकृत गर्ने र पूर्ण बनाएर जाने ढङ्गले जुन अभ्यास गरेको थियो विगत सरकारले त्यो अभ्यास अहिले हटाइएको छ र अहिले त्यो अभ्यासमा हामी छैनौं। र कतिपय पुरानो विगतको चाहिँ सरकारले मजदुरको विषयमा किसानको विषयमा दलित महिला जनजाति पिछडिएको क्षेत्र लगायतका विषयमा ल्याएका सकारात्मक योजनाहरुलाई पनि कटाइएको छ र विशेष गरेर दलितको विषय चाहिँ बुँदा नं. २१३ मा थियो।

एउटा सशक्त शक्तिशाली र अधिकारसम्पन्न प्राधिकरण गठन गर्ने र त्यसपछि दलितहरुको सीप ज्ञान परम्परागत खालका चाहिँ अनुभवहरू सहितलाई चाहिँ संस्थागत गर्ने त्यसलाई व्यवस्थित गर्ने त्यसलाई पूँजी बजारसँग जोड्ने पूँजीकृत गर्ने भन्ने विषय चाहिँ यहाँ हटाइएको छ। त्यसैगरी शिक्षा क्षेत्रमा आउँदा खेरि पूर्वाञ्चल विश्वविद्यालयमा मेडिकल कलेज सञ्चालन गरिनेछ भन्ने नीति कार्यक्रममा

थियो अहिले त्यो हटाइएको छ। त्यस्तै गरी युवा लक्षित विशेष गरेर वैदेशिक रोजगारमा गएका युवाहरूको श्रम सीप ज्ञान र पुँजीलाई सदुपयोग गर्ने हिसाबले र नेपालमै पूँजी निर्माणको एउटा वातावरण बनाउने हिसाबले विगत सरकारले ल्याएका केही प्रावधानहरू थिए। ती प्रावधानहरू पनि हटाइएको छ। त्यसैगरी म एक दुइटा सुझाव राख्न चाहन्छु। हामीसँग वन छ। हरियो वन भनाइ के छ भने त्यो नेपालको धन हुनुपर्ने हरियो वन तस्करहरुको धन जस्तो भएको छ। हामीसँग अहिले राजस्व उठिराख्या छैन। हामी बाहिरबाट चाहिँ काठ आयात गरिराखेका छौं। तर नेपालमै भएका काठजन्य वनजन्य जुन वस्तुहरू छन् ती वस्तुहरूको चाहिँ हामी ठिक ढंगले सदुपयोग गर्न सकिराखेका छैनौं नदीजन्य पदार्थहरु छन् त्यसलाई पनि हामीले ठिक ढंगले सदुपयोग गर्न सकिराखेका छैनौं र थुप्रै सरकारी कार्यालयतिर हेर्ने हो भनेदेखि पुराना गाडीहरु चाहिँ थन्केर राख्ने ठाउँ छैन। त्यसलाई हामी कसरी सदुपयोग गर्न सक्छौ त्यो पुजी निर्माणको हिसाबले। राज्यको पुँजी निर्माणको हिसाबले एउटा स्रोतको रूपमा त्यसलाई हामी कसरी प्रयोग गर्न सक्छौ भन्ने कुरामा पनि सरकारले ध्यान दिनुपर्ने त्यतातिर मैले ध्यान दिएको जस्तो देखिराखेको छैन। एउटा कल्चर आवश्यकता छ देशमा। अब श्रमको कल्चर श्रम दान गर्ने कल्चर। यदि राष्ट्र निर्माण गर्ने हो भने हामी सबैले एउटा राष्ट्रिय सहमति गरेर एउटा श्रम कल्चरको रूपमा उत्पादन कल्चरको रूपमा अघि माननीय कृष्ण प्रसाद सिटौलाले भन्या जस्तै किसानले उत्पादन गरेका वस्तुहरु बजारसम्म कसरी जोड्ने? उत्पादनमा किसानको भूमिका र बजारमा सरकारको भूमिकालाई हामीले सुनिश्चित गर्दिने हो भने मात्रै हामीले चाहिँ कृषिमा कम्तीमा पनि आत्मनिर्भर हुन सक्ने एउटा राम्रो सम्भावना हुन्छ। त्यो सम्भावना बारेमा पनि सरकारले चाहिँ नीति कार्यक्रममा ठोस रूपमा अझ नीति आयो तर कार्यक्रम चाहिँ आएको छैन भन्ने लाग्छ र यसलाई ठोस रुपमा समावेश गर्ने र सम्बोधन गर्ने गरी आउन जरुरी थियो त्यो आएन भन्ने लाग्छ र मैले यो नीति कार्यक्रमलाई समर्थन गर्ने भन्दा पनि मेरो आफ्नो तर्फबाट र पार्टीको तर्फबाट विरोध गर्दै बिदा हुन्छु। हस्त अभिवादन।

(१३:५३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य मदन कुमारी शाह (गरिमा)। समय ९ मिनेट। यसपछि माननीय सदस्य सोनम गेल्जेन शेर्पा ।

(१३:५४ बजे) <u>माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू आज हामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममाथि छलफल गरिराखेका छौं। छलफलमा भाग लिइरहँदा यसमाथि म आफ्ना केही धारणाहरू राख्ने अनुमति चाहन्छु।सम्माननीय अध्यक्षज्यु सिद्धान्ततः सरकार अविच्छिन्न उत्तराधिकारवाला संस्था हो भन्ने पढेको हो। तर व्यवहारमा त्यस्तो देखिरहेको छैन। एउटा सरकारले

थालनी गरेको राम्रो  परम्परा अभ्यास र कामहरुलाई अर्को सरकार आउँदा त्यसको दायित्व नलिने प्रवृत्ति देखा परेको छ। एउटा राम्रो अभ्यासको सुरुवात भएको थियो। बजेट आउनुभन्दा पहिला तीन महिना पहिला नै त्यसको सिद्धान्त तथा प्राथमिकता माथि छलफल गर्ने। ताकि सांसदहरूले राखेका सुझावहरूलाई दिएका सुझावहरूलाई त्यो सिद्धान्त र प्राथमिकताले समेट्न सकोस् तत् अनुसारको नीति तथा कार्यक्रम बन्न सकोस् र त्यसका आधारमा बजेट निर्माण होस् भन्ने मान्यताका आधारमा त्यो सुरुवात गरेको त्यो राम्रो भएको थियो। सरकार परिवर्तन भयो। फेरि अध्यादेशबाट त्यसलाई हटाउने काम भयो। यो राम्रो कुरा हो? आज एउटाको एउटा दलको सरकार होला भोलि अर्को दलको सरकार होला। तर के यो राम्रो अभ्यास हो? ल त्यसले ठुलो घाटा गरेको छ नीतिगत सैद्धान्तिक रुपले त्यो गलत छ भने त्यसलाई हामीले छोड्नुपर्छ। त्यसमा दुइ मत छैन। तर त्यो अभ्यास सही छ भने त्यो अभ्यासलाई कटौती किन गर्ने? म चाहिँ के भन्छु भने सांसदहरुको अधिकार कटौती हो यो।आज हामी यहाँ बोलिरहेका छौं केही अर्थ छ यसको? त्यो नीति तथा कार्यक्रममा केही परिवर्तन हुनेवाला छ। अलि अलि माननीय मन्त्रीज्युहरु अलि संवेदनशील हुनुभयो हाम्रा सुझावहरुबाट भने थोरै बजेटमा केहि संबोधन चाहिँ हुन सक्छ मैले आशा गरेको छु। धेरै कुरा त हुनेवाला छैन। त्यसकारणले गर्दा खेरि यो कस्तो खालको राजनीतिक संस्कार हामी पद्धति विकास गर्न खोजिराखेका छौं त? हामी मुलुकको विकास गर्न खोजिराखेका छौं कि कसैलाई देखाइदिने राजनीति हामी गर्ने खालको संस्कृतिको विकास प्रचलन हामी बढाउँदैछौं।त्यसकारणले यतातिर हामीले चाहिँ सोंच्नुपर्छ होला जस्तो लाग्छ। यस मानेमा म शुरुमै भन्छु यो नीति तथा कार्यक्रमलाई मैले कसरी समर्थन गर्ने?

जब सिद्धान्तमा नै मतलब बिमति राखिसकेपछि। तर पनि यो नीति तथा कार्यक्रममा केहीं राम्रा प्रावधानहरु आएका छन्। यसमा आएका प्रवर्धनहरू सबै नराम्रा छन् भन्न म चाहन्न कतिपय मितव्ययिताका कुराहरु कुराहरु आएका छन्। विकासलाई अलि व्यवस्थित ढंगले अगाडि बढाउने भन्ने खालका कुराहरु पनि आएका छन्। आएका राम्रा कुराहरुलाई म समर्थन पनि गर्दछु। तथापी यसले मुलुकको आवश्यकता संघीयताको मर्म र यो संघीयतालाई व्यवस्थालाई बलियो बनाउने गरी जसरी नीति तथा कार्यक्रम आउनुपर्थ्यो। त्यो ढंगले आएको छैन भन्ने मलाई लागि रहेको छ। एक ठाउँमा संविधान संशोधनको कुरा छ। म सम्माननीय अध्यक्षज्यू मार्फत सरकारलाई सोधन चाहन्छु कि यो संविधानलाई पूर्णतः कार्यान्वयन गर्नको लागि बनाउनुपर्ने कानुन हामीले के सबै बनाइसकेका छौं? यहीं हाम्रो राष्ट्रिय सभाले एउटा अध्ययन गरेको थियो। ३८ कि ४० वटा कानुन बनाउन बाँकी छ भनेर। हो अवश्य पनि संविधान पत्थरमा लेखिएको हुँदैन। संशोधन गर्नु पर्छ आवश्यकता अनुसार। तर हामी यो संविधानलाई लागु गर्नका लागि कति प्रतिबद्ध छौं? कानुन नबनाइकन

हामी यो कस्तो म्यासेज दिराख्या छौं? भद्दा संघीयता भन्ने व्यवस्था गलत हो भन्ने म्यासेज हामीले नजानेर हो जानेर हो दिरहेका छौ कि छैनौ त? यो संघीयता प्रति, व्यवस्थाप्रति वितृष्णा किन भइरहेको छ जनतामा? यो यही कारणले भइरहेको छ कि हामीले यो संविधानलाई पूर्णतः लागू गर्नको लागि इमानदारीपूर्वक काम गरेका छैनौं। हो संविधानको पुनरावलोकन गरौं। संविधान संशोधन गरौं। तर ९ वर्ष बितिसक्दा पनि हामीले चाहिँ कानुन बनाउन सकेनौं भन्ने कुरा स्वीकार गरौं। हामी संविधान संशोधन गर्न तयार छौं र यो संविधान संशोधन गर्दा राष्ट्रिय सहमति कायम गरेर यो सङ्घीयता यो संविधानलाई संशोधन गरौं। सङ्घीयतालाई बलियो बनाउ, व्यवस्थालाई बलियो बनाउन, निर्वाचन प्रणालीमा विचार गरौ, संघीयताको सबलीकरणको लागि चाहिँ हामीले संविधानलाई संशोधन गरौं। र समाजवादका आधारहरू तयार गरौं। राष्ट्रिय पुँजीको हामीले विकास गरौं। के त्यस्तो खालको नीति यसमा आएको छ त? मलाई त्यस्तो लागिरहेको छैन। अहिले हाम्रो विकासको एउटा ठोस नीति लिनु पर्ने थियो यो नीति तथा कार्यक्रमले तर हामीले कस्तो विकास लिएका छौ जसले विनाश निम्त्याई रहेको छ। त्यसले त्यो पर्यावरण मैत्री पनि छैन। त्यो पर्यटन मैत्री पनि छैन। यो नीतिमा पनि त्यो कुरा आउनुपर्थो भन्ने मलाई लागि रहेको छ। अहिले हाम्रा भाइ बहिनीहरू कलिला भाइ बहिनी विद्यार्थीहरु विदेशमा गएर पढ्दाखेरि आफ्नो अमूल्य जीवन गुमाउनु परेका छन्। हामीले नेपालमै अध्ययन गर्ने खालको वातावरण बनाउने नीति आउनुपर्थो। त्यो नीति आउन सकेको छैन भन्ने मलाई लागिरहेको छ। ठुला आयोजना परियोजनामा काम गर्नको लागि दक्ष जनशक्ति निर्माण गर्ने खालको शिक्षा प्रणाली हामीले लागु पर्न पर्ने खालको नीति आउनु पर्थो। त्यो नीति आउन सकेको छैन भन्ने मलाई लागीरहेको छ। हाम्रा पाठ्यक्रमहरू समय सापेक्ष संशोधन परिमार्जन गर्नु पर्ने आवश्यकता छ। नैतिक शिक्षा हाम्रो एकदम कमजोर भएको छ। हामीले महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक एकदम सिमान्तकृत रहेका त्यस्ता त्यस्ता व्यक्तिहरूको समग्र विकास गर्ने हामीले नीति ल्याउनुपर्थ्यो। त्यसमा हामी चुकेका छौं जस्तो मलाई लागिरहेको छ। यो चुकेको छ यो नीति तथा कार्यक्रम सामाजिक सांस्कृतिक कुरीतिहरूको अन्त्य गर्ने खालको नीति हामीले लिनुपर्थ्यो भन्ने मलाई लागिरहेको छ। र यो नीति तथा कार्यक्रम सरसरती हेर्दा खेरी विकासमा प्रादेशीक सन्तुलन ल्याउने खालको नीतिको अनुहार मैले उसमा देख्न पाइन। अब यहाँ पूर्वघोषित राष्ट्रिय महत्वका योजनाहरुका कुरालाई पूर्ण गर्ने प्रतिबद्धता छैन। अझ त सुरु गरेका केही योजनाहरुलाई बिचैमा बन्द गर्ने भन्ने कुरा छ। यत्रो राज्यको लगानी लागि सकेपछि त्यसलाई बन्द गर्न हुन्न भन्ने मान्यता चाहिँ म राख्दछु। मैले विश्वास लिएको थिएँ कि यो सरकारले अवश्य पनि एक वर्षमा हामी यो यो कृषिको यो बालीमा हामी आत्मनिर्भर हुन्छौं भन्ने नीति लिन्छ भन्ने मलाई लागेको थियो। तर हामीले त्यो नीति लिन सकेका छैनौं।

किसानले उत्पादन गरेको उत्पादित वस्तुलाई किनिदिने अथवा बजारीकरणको व्यवस्था हामी गर्ने नीति लिन हामीले सकेका छैनौं जबकी हामी कृषि प्रधान देश हामीले भनिरहेका छौं। जडीबुटीको भण्डार छ। तर त्यसको सदुपयोग गर्ने नीति हामीले लिएका छैनौं। मैले विश्वास लिएको थिए यो सरकारले हाम्रो नेपालमा पाइने जडीबुटीमा आधारित औषधी उत्पादकहरुलाई यसले प्रोत्साहन गर्ने नीति लिन्छ भन्ने मैले विश्वास लिएको थिए। तर यो पनि आउन सकेको छैन। काठ हामी बाहिरबाट निर्यात गरिरहेका छौं। काठलाई बाहिरबाट आयात गर्ने कुरा प्रतिबन्ध गर्छौं भन्ने नीति लिनुपर्थ्यो सरकारले त्यो नीति लिन सकेको छैन। सुशासन कमजोर छ। भ्रष्टाचार महङ्गी जनताको कम्मर तोड महङ्गी भएको छ। यसलाई हामी कम गर्छौं भन्ने प्रतिबद्धता र त्यस खालको नीति आउनुपर्थ्यो। त्यो पनि हुन सकेको छैन। म यदि यो नीतिमा संशोधन गर्न सकिन्छ भने म प्रस्तावित गर्न चाहन्छु। २०४७ सालपछि बनेका राष्ट्रपति प्रधानमन्त्री मन्त्री विभिन्न निकायमा नियुक्ति पाएका व्यक्तिहरुको सम्पत्ति छानबिन गर्छौं सुशासन कायम गर्छौं भन्ने प्रतिबद्धता र नीति आउनु पर्थ्यो त्यो आएको छैन। सकिन्छ भने यो गरौं भन्ने कुरा राख्न चाहन्छु। कृषिमा, उद्योगमा, पर्यटनमा, ऊर्जामा पूर्वाधारमा कुनै न कुनै एउटा एउटा मेघा प्रोजेक्ट घोषणा गर्ने नीति आउँछ भन्ने मैले आशा गरेको थिएँ। त्यो पनि आउन सकेको छैन। दलित समुदायको बारेमा त असाध्यै अनुदार देखिएको छ। कति विरोध आएको छ। मैले यहाँ भनिरहनु परेन। र सकिन्छ भने यो नीति तथा कार्यक्रममा शैक्षिक प्रमाणपत्र धितो राखेर व्यवसाय गर्ने वातावरण मिलाउने नीति ल्याउनुपर्छ भन्ने माग राख्न चाहन्छु। अबको जमाना भनेको सूचना र प्रविधिको जमाना हो। त्यसो भएको कारणले गर्दा यो क्षेत्रलाई विशेष अध्ययन अनुसन्धान गर्ने गरी अलग मन्त्रालय हुनुपर्छ। यो नीतिले यो नीति तथा कार्यक्रम ..... (समय सकिएको)

(१४:०३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा। समय ९ मिनेट।

(१४:०४ बजे) <u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)ः</u>- सम्माननीय अध्यक्षज्यू, नेपाल सरकारको नीति तथा कार्यक्रम संसदमा पेश भएको छ। त्यस सम्बन्धमा केही कुरा राख्न गइरहेको छु र म पूर्ण रुपमा यो नीतिको समर्थन गर्दछु। नीति छोटो तरिकाले आउने गर्छ। र बजेटमा विस्तृत तरिकाले आउने गर्छ। र नीतिमा धेरै कुरा समेटिदैन। तर त्यसले बजेटको आशयहरूलाई पुष्टि गर्दछ। र यो नीति तथा कार्यक्रमले हाम्रो संविधानलाई रक्षा र कार्यान्वयन गर्ने तर्फ पनि इङ्गित गरेको छ। र बोलेको छ। र यसले

राजनीतिक रुपमा पनि केहीँ न केहीँ कुरालाई संवोधन गरेको छ। अब हामी अलिकति economy को कुरा गर्छौं र economy को growth हुन नसकिकन देशले आर्थिक रुपमा छलाङ्ग नमारिकन हाम्रा विकास निर्माणका कुरा देखि लिएर जनजीविकाका सवालहरू देखि लिएर हामीले केही गर्न सक्दैनौं। तर economy कसरी अगाडि बढाउने भन्ने कुरामा पनि यो नीति तथा कार्यक्रमले केहीँ न केहीँ कुरालाई समेटेको छ। अब हामीले अलिकति दूरदर्शी भएर सोच्ने हो भने अब माननीयज्यूहरूले राष्ट्रिय गौरवका आयोजनाहरू भएन के भएन भनेर सदनमा उठाइरहनु भएको छ। तर प्रतिबद्धता गरौं न त हामीलाई अरू योजनाहरू केहीँ पनि चाहिदैन। दुई तिन वर्षमा राष्ट्रिय गौरवका योजनाहरू सबै चाहिँ सफल गरोस्। हामी यो प्रतिबद्धता देखाउँछौं भनेर प्रतिनिधि सभाबाट राष्ट्रिय सभाका सबै माननीयज्यूहरूले बोल्नु भयो भने हामी दुई तिन वर्ष भित्र गर्न सक्छौं। तर देश आर्थिक रुपमा हामीले सबैलाई पूर्ति गर्न सक्ने अवस्था छैन। र आर्थिक रुपमा हाम्रो जुन किसिमको राष्ट्रको ढुकुटी छ। राष्ट्रको ढुकुटीलाई हेरेर हामीले त्यो बजेट बनाउनु पर्ने आवश्यकता देखिन्छ। र बजेट बनाउदाखेरी अब कतिलाई सम्बोधन गर्न सक्यौं कतिलाई सम्बोधन गर्न सकेनौं भन्ने कुरा आफ्नै तालको छ। आफ्नो सम्बोधन भयो भने सबै कुरा भयो राम्रो। आफ्नो सम्बोधन भएन भने सबै कुरा नराम्रो। अब हाम्रो देश पूर्व देखि पश्चिम महाकालीसम्म पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ हिमालदेखि तराईसँग छ। अब हिमाललाई धेरै बजेट पर्‍यो भने तराईलाई चित्त दुख्ने। तराईलाई धेरै बजेट पर्‍यो भने हिमाललाई चित्त दुख्ने। हामी यो कुन concept मा जाँदै छौं। यस कारण हामीले समग्र देशको हितलाई सोच्ने हो भने यो बजेटले आर्थिक सुधार आयोगको प्रतिवेदनलाई पनि अगाडि बढाउने भनेर भन्या छ। र वैदेशिक लगानीमा उच्च प्रतिफल दिने भनेर यसले अलिकति economy को कुरालाई अगाडि बढाएको छ र वैदेशिक लगानीहरूलाई हामीले प्रतिफल दिने लगानी नगरीकन हामीले जहाँ पाए त्यहीँ लगानी गर्न थाल्यौ भने हामीले ठुलो यो आर्थिक व्यहोर गर्नुपर्छ र भविष्यमा हामीले यो हाम्रो आर्थिक रुपमा हामीले ठुलो विपद्मा रुपमा अगाडि बढ्नुपर्छ जस्तो मलाई लाग्छ।

अब काठ दाउराको कुरा गर्दाखेरि यो बजेटले वन व्यवस्थापनको कुरा गरेको छ। र वन व्यवस्थापनमा के समस्या छ भन्दाखेरि नेपालमा पहिला देखि नै वन विभागका राष्ट्रिय निकुञ्जले जफत गर्ने काठ पनि विक्री गर्ने अवस्था कानुन थिएन। कानुनले नगर्दा खेरी जफत गर्ने, जफत गरिसकेपछि पनि त्यसलाई लिलामको प्रक्रियामा विक्री गर्ने अवस्था थियो। तर यसले के भन्या छ भने दिगो वनमा आधारित वन प्रवर्द्धन गर्दै वनलाई समेत उचित उपयोग गरिनेछ भनेर त्यसको कानुनहरू ल्याएर त्यसलाई कसरी अगाडि बढाउने भनेर संबोधन गरेको

छ र हाम्रा वनलाई वैधानीक आधारमा कसरी व्यवस्थापन गर्ने भनेर यो बजेटले सम्बर्द्धन गर्न खोजेको छ। र हामीले विगतमा चुरे राष्ट्रपति संरक्षण आयोजना गुरु योजना बनाएर गर्यौं। र त्यसले हामीलाई प्रतिफल दिन सकेन। र ति आयोजनाहरूलाई पुन अवलोकन गरी पुनः मूल्याङ्कन गरी त्यसलाई गुरु योजना फेरि पुनः योजना बनाएर त्यसलाई कस्तो खालको बनाउन सकिन्छ भनेर विगतमा भएका नराम्रो कुराहरुलाई पनि हटाउँदै र राम्रो कुराहरु आत्मसाथ गर्दै यो बजेट अगाडि बढेको छ जस्तो मलाई लाग्दछ। र अर्को संरक्षण क्षेत्रमा मानव प्रकृतिको सहअस्तित्व स्वीकार्ने भनेर हामीले खाली संरक्षण संरक्षण संरक्षण मात्र भन्यौ तर कहिले पनि त्यसलाई अगाडि बनाउन सकेनौं। त्यसकारण अहिले चाहिँ हामी सहअस्तित्वमा वन यो वातावरण संरक्षणलाई पनि स्वीकाछौं। वन्यजन्तुको सहअस्तीत्वलाई पनि लाई पनि स्वीकाछौं। मानव पनि बाँच्ने खालको commitment यो बजेटले गरेको छ। यो ज्यादै नै राम्रो कुरा छ। अब हाम्रो विद्युतको ठुलो हामीले विद्युत उत्पादन गर्यौं भन्छौं प्राइभेट सेक्टरले उत्पादन गर्यो। अब विद्युतको जुन किसिमको अहिले व्यवस्थापन छ। हामीले हिँउदमा व्यवस्थापन गर्न सक्दैनौं। अहिले climate change जसले गर्दाखेरी वर्षामा ठुलो पानी आउने। पानी आइसकेपछि हामीले hundred percentage जस्तो ९०% - १००% उत्पादन गर्छौं। तर हामी हिउँदमा गएपछि सुख्खा हुन्छ र त्यसलाई हामीले ५०% विद्युत ३०% देखि ५०% विद्युत उत्पादन गर्न सक्छौं भन्दाखेरि यसले त्यसलाई पनि कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर जलासययुक्त विद्युतहरू बनाउने भनेर हामीले त्यो खालको कुरालाई पनि यसले समेटेको छ।

सबैभन्दा यसको राम्रो पक्ष के हो भने नविकरणीय ऊर्जा नविकरणीय ऊर्जा भनेको हामीले जुन किसिमले सोलार सिस्टम भन्छौं के भन्छौं अब तपाईंले भोलि गएर आफ्नो छानामा पनि हामीले व्यापार गर्न सक्ने भो। त्यहाँ हामीले सोलार टन्न राखे। सोलार राखिसकेपछि हामीलाई चाहिने सोलारको वत्ती उत्पादन हामीहरूले खपत गर्ने र बाँकी उत्पादनलाई National grid मा लगेर या त्यहाँको मिनि ग्रिडमा लगेर बेच्ने खालको आश्य आएको छ। यो हाम्रो लागि ज्यादै महत्वपूर्ण छ जस्तो लाग्दछ। र यसले सङ्घीयता व्यवस्थालाई पनि अलिकति सुदृढ गर्नको लागि सङ्घीयता व्यवस्थालाई धेरै खालको हामीलाई समस्याहरू आइराखेको थियो। निजामती ऐनहरू आउन सकिराखेको छैन। शिक्षा विधेयकहरू आउन सकिराखेको थिएन। त्यसले गर्दा खेरी यो शिक्षा विधेयक र निजामती विधेयक आएको खण्डमा हाम्रो सङ्घीय व्यवस्थालाई अझै राम्रो खालको कसरी अगाडि बढाउन सकिन्छ भने हाम्री मेरुदण्डमा रहेको यो दुईवटा विधेयक यो सदन यो हाम्रो अधिवेशनले तयार गर्नेछ। यसमा पनि तपाईंहरूसँग सबैको साथ चाहिन्छ जस्तो मलाई लाग्छ। र अर्को चाहिँ भ्रष्टाचारको कुरा गर्छ। सम्पत्ति छानबिनको कुरा गर्छ।

अब यसमा सबै भन्दा राम्रो सानो को छ सुन्दा खेरि चाहिँ सानो कुरा छ। यसले के कुरा देखाउछ भन्दाखेरि यो सानो कुरा चाहिँ national id सुन्दा खेरि सानो कुरा। national id भन्छ। यो झमेला भयो अब धेरै बहसको विषय पनि हुने गर्छ। नेशनल आइडीलाई नागरिकतालाई विस्तापित गर्दै भविष्यमा national id मा सबै कुरा व्यवस्थापन हुने जग्गा जमिन देखि बैङ्क ब्यालेन्स देखि लिएर सबै कुरा व्यवस्थापन हुने एउटा प्रणालीको विकास गरौं न त सबैले। त्यहाँ हाम्रो खातामा के कति पैसा छ? हाम्रो जग्गा जमिन कहाँ छ? हाम्रो गाडीहरूको के छ? सबै कुरा त्यो national id मा हामीले व्यवस्थापन गर्‍यौं भने कुनै मान्छेले ट्याक्स नतिर्नेहरु यो देशमा बस्न पनि सक्दैन। कुनै मान्छेले सम्पत्ति अब हामी सम्पत्ति  विवरण बुझाउँछौं। वर्षको एक चोटि सम्पत्ति विवरण बुझाउँछौं। लेखेर यहाँ यस्तो छ उस्तो छ भनेर national id मा हाल्ने व्यवस्था भनौं न। national id मा हाल्ने व्यवस्था र त्यो मान्छेको जग्गा कहाँ छ? नेपालको पूर्वमा छ कि पश्चिममा छ? त्यो मान्छेले कति कमाई गर्छ? त्यो मान्छेको कतिवटा गाडी छ? त्यो मान्छेको सुन चाँदी कति छ? त्यसमा चाहिँ गरौं त्यो मान्छेले कुनै ठाउँबाट सामान किन्यो भने त्यो सामान कसरी किन्यो? त्यसलाई दण्ड जरिमाना भएको छ भने कसरी गर्‍यो भनेर सबै कुरा हाल्ने हामीले चाहिँ २ वर्षमा प्रतिबद्ध गर्‍यौं भने नेपालमा ६०%  भ्रष्टाचार कम भएर जान्छ। त्यसकारण हामीले यो टेक्नोलोजिलाई विकास गर्न जरुरी छ। त्यसकारण यो national id को महत्वपूर्ण भुमिका छ जस्तो मलाई लाग्छ। र सेवा सुविधाको हिसाबले हो भने हामीले जुन किसिमले अहिले हामी जान्छौं एउटा कार्यालयमा निवेदन लेख भन्छौं। एउटा बिचको mediator लाई राख्छौं निवेदन लेख्न जान्छौं त्यसलाई दुई तिन हजार दिन्छौं। त्यसलाई पनि व्यवस्थापन गर्नको लागि national app मा नै सबै कुराको हाम्रो सेवा सुविधाको निवेदनहरू त्यहीँ national app मा नै व्यवस्थापन गर्न सक्यौ भने हामीले त्यहाँबाट नेटमा पठाइदिने त्यहाँबाट उहाँलाई अनलाईनबाट पठाइदिने र उहाँहरुले रिप्पाई गर्ने व्यवस्थापन गरिदियो भने कति प्रभावकारी हुन्थ्यो। त्यसले भ्रष्टाचार कति हट्थ्यो। तर हामी सानो सानो कुरामा जोड नदिने। अब छानबिन गरौं। प्रतिवेदन बनाउँ भन्ने कुरा मात्रै गर्ने। यसले प्रतिवेदन बनाएर छानबिन गरेर हुनेवाला केहीं छैन। त्यसकारण सबैभन्दा ठुलो कुरा चाहिँ यो सिष्टम बनाउन जरुरी छ। यो सिष्टम बनाएको खण्डमा राष्ट्रपतिको सम्पत्ति पनि यो सिष्टममा आउँछ।

एउटा साधारण जनताको सम्पत्ति पनि यहाँ आउँछ। अब सबै भन्दा ठुलो कुरा भ्रष्टाचार भनेको कस्तो रहेछ भने अहिले देखिएको भ्रष्टाचारमा अब राजनीतिकर्मीहरू भ्रष्टाचार पनि देखियो। भ्रष्टाचार गर्‍यो भनेर राजनीतिकर्मीलाई पनि भन्यो। त्यहाँबाट कर्मचारीलाई पनि भ्रष्टाचार छ भनेर भन्यो। तर कुनै मान्छेको काम पनि छैन केहीं पनि छैन सडकमा हिडिरहेको

छ। पाँच करोडको गाडी चढ्छ। उसले १० रोपनी जग्गा काठमाडौंमा किन्छ भन्योभने त्यसलाई भ्रष्टाचारी चाहिँ हामीले खोज्ने कि नखोज्ने? त्यसकारण यस्ता टेक्नोलोजिहरुलाई हामीले प्रयोग गर्न सक्यो भने भविष्यमा साधारण जनताको ट्याक्स छल्ने देखिन् लिएर अवैध सम्पत्ति देखि लिएर राष्ट्रका सम्मानित व्यक्तित्वहरूको समेतको सम्पत्तिलाई हामीले छर्लङ्ग रुपमा हामीले हेर्न एउटा चाहिँ अवसर पाउनेछौं। र त्यसले भ्रष्टाचार हट्ने छ भन्ने महसुस हामीलाई दिलाउँछ। त्यसको लागि हामीले दुई वर्षमा प्रतिबद्धता व्यक्त गर्नु पर्यो। त्यसकारण यहाँ तिर पनि सबैले सोचौं भन्ने मलाई लागेको छ। र अब हामी ग्रे लिष्टमा गइराखेको छौं भन्छौं अब यो ग्रे लिष्ट यो सरकारले एकचोटी ग्रे लिष्टमा ल्याएको होइन। विगतको सरकारहरूको पनि केही न केही चाहिँ त्यसमा भूमिका छ। तर ग्रे लिष्ट ..... (समय सकिएको)

(१४:१३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यले बोल्ने क्रम यही समाप्त हुन्छ।

माननीय सदस्यहरू, यो बैठक आजै २० मिनेटपछि बस्ने गरी यही स्थगित हुन्छ।

स्थगितः १४:१३ बजे।